मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १७ गते आइतबार ❑ 2 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा-२२ कोदीमा कोदो दिवस महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

राष्ट्रिय कोदो दिवसको अवसर पारेर पोखरा महानगरपालिका-२२ पुम्दी-भुम्दीको कोदीमा दोस्रो कोदो दिवस महोत्सवका रूपमा भव्य मनाइएको छ।

कोदो खेतीको प्रवर्द्धन, स्थानीय रैथाने बालीको संरक्षण, पोषणयुक्त खाद्यान्नको उपयोग तथा स्थानीय उत्पादनको बजारीकरण गर्ने उद्देश्यले आयोजित महोत्सवमा कृषक, कृषि उद्यमी, सहकारीका प्रतिनिधि, जनप्रतिनिधि, सरोकारवाला निकाय तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो।



पुम्दी-भुम्दी कृषि सहकारी संस्था, पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा र कृषि विकास महाशाखाको संयुक्त आयोजनामा भएको राष्ट्रिय कोदो दिवसको सन्दर्भमा विभिन्न कार्यक्रम वडा नं. २२ को कार्यालय, वडास्तरीय कृषि सञ्जाल तथा विभिन्न स्थानीय संघ-संस्थाको समन्वयमा सम्पन्न भएको हो। महोत्सवको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले कोदो नेपालको मौलिक तथा रैथाने बाली भएकाले यसको संरक्षण, प्रवर्द्धन र खेती विस्तार आजको आवश्यकता भएको बताउनुभयो। उहाँले महानगरपालिका रैथाने बालीको संरक्षण, कोदो खेती विस्तार तथा कृषकलाई प्रोत्साहन गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै उत्पादन वृद्धि, बजारीकरण र मूल्य अभिवृद्धिमार्फत कृषकको आय बढाउने नीति तथा कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो। मेयर आचार्यले स्थानीय उत्पादनको उपयोग र उपभोग बढाउँदै खाद्य सुरक्षा तथा आत्मनिर्भर कृषितर्फ अघि बढ्नुपर्नेमा जोड दिँदै कोदो उत्पादक कृषकहरूलाई महानगरले न्यूनतम समर्थन मूल्य उपलब्ध गराउँदै आएको बताउनुभयो। कार्यक्रममा पोखरा-२२ का वडा अध्यक्ष हिमलाल बरालले राष्ट्रिय कोदो दिवसले गाउँमा कोदोको महत्व थप स्थापित भएको बताउँदै यसले स्थानीय कृषकलाई उत्पादन वृद्धि गर्न प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो। महानगरका आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाका अनुसार पोखरा महानगर क्षेत्रमा करिब ३ हजार ८ सय हेक्टर क्षेत्रफलमा कोदो खेती हुने गरेको छ भने वार्षिक ४ हजार ८ सय मेट्रिकटन उत्पादन हुने अनुमान गरिएको छ। गत वर्ष मात्रै पोखरा क्षेत्रमा करिब ६२ करोड रुपैयाँ बराबरको कोदो आयात भएको उल्लेख गर्दै उहाँले बजारमा माग बढ्दै गए पनि उत्पादन घट्दो क्रममा रहेकाले कृषकलाई प्रोत्साहन गर्न महानगरले प्रति किलोग्राम ९० रुपैयाँ समर्थन मूल्य निर्धारण गरेको जानकारी दिनुभयो। उहाँले मधुमेहका बिरामी तथा स्वास्थ्यका दृष्टिले समेत कोदो अत्यन्त उपयोगी भएकाले उत्पादन र उपभोग दुवै बढाउन आवश्यक रहेको बताउँदै कोदो र कागुनो खेती विस्तार गर्न कृषकलाई आग्रह गर्नुभयो। महोत्सवमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्याल, पोखरा-९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानी, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, कार्यक्रम संयोजक झम्कनाथ बराल लगायतले कोदो खेतीको संरक्षण, बजारीकरण र स्थानीय उत्पादनको उपयोग बढाउन सबै पक्षको सहकार्य आवश्यक रहेकोमा जोड दिनुभयो। पुम्दी-भुम्दी कृषि सहकारी संस्थाका अध्यक्ष खेमराज बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संयोजन झम्कनाथ बरालले गर्नुभएको थियो।

**उत्कृष्ट कोदो उत्पादक कृषक सम्मानित**

महोत्सवका अवसरमा उत्कृष्ट कोदो उत्पादन गर्ने कृषकलाई नगद सहित सम्मान गरिएको छ। पोखरा-२२ की खगी घर्तीले २ हजार ५ सय केजी कोदो उत्पादन गर्दा उहाँलाई उक्त समारोहमा सम्मान गरिएको हो। पोखरा-२० का दुर्गा बहादुर सुनारले १ हजार ६ सय ७५ केजी कोदो उत्पादन गरी दोस्रो र पोखरा-२८ की शोभा भण्डारीले १ हजार ५ सय केजी कोदो उत्पादन गरी तेश्रो हुनु भयो। पोखरा-२३ का होम बहादुर गुरुङ सान्त्वना घोषित हुनु भयो। उहाँले १ हजार ४ सय केजी कोदो उत्पादन गर्नु भएको थियो। उहाँहरूलाई पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले सम्मान गर्नुभएको थियो।

**कोदो रोपाइँ प्रतियोगितामा सृजनशील कृषि समूह प्रथम**

कोदो दिवसको अवसरमा आयोजित कोदो रोपाइँ प्रतियोगितामा पोखरा-२७ को सृजनशील कृषि समूह प्रथम भएको छ। समूहमा सितादेवी लामिछाने, प्रभा घिमिरे र अप्सरा बराल सहभागी हुनुहुन्थ्यो। पोखरा-२२ को रातिपोखरी कृषि संकलन केन्द्र दोस्रो भएको छ। उक्त समूहमा अग्निमाया बराल, चन्द्रकला बराल र दुर्गा पौडेल रहनुभएको थियो। यस्तै पोखरा-२२ को रानीवन चेतनशील महिला समूह तेस्रो भएको छ। समूहमा पार्वतीकुमारी शर्मा, पार्वती पौडेल र हेमकुमारी रिजाल शर्मा सहभागी हुनुहुन्थ्यो।

**१० प्रकारका कोदोका परिकारदेखि स्थानीय संस्कृतिसम्म**

महोत्सवमा कोदोबाट बनेका करिब १० प्रकारका परिकार, स्थानीय कृषि उत्पादन, कृषि उद्यमसँग सम्बन्धित प्रदर्शनी तथा बिक्री स्टल राखिएको थियो। साथै कोदोका स्थानीय जात पागुनो, डल्ले, काबुनो, चिनो, भोगे सामा, जुनेली र धानकोदो लगायतका जातको प्रदर्शनीगरिएकोथियो।कार्यक्रममा कोदो खेतीसम्बन्धी सहजीकरण, कृषक-उपभोक्ता अन्तरक्रिया, कृषि परामर्श, स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्री, भजन-कीर्तन र विभिन्न सांस्कृतिक कार्यक्रमले महोत्सवलाई थप आकर्षक बनाएको थियो। राष्ट्रिय कोदो दिवसलाई महोत्सवका रूपमा मनाएर पोखरा महानगरपालिकाले रैथाने बालीको संरक्षण, कृषकको उत्पादनमा प्रोत्साहन, स्थानीय उत्पादनको बजारीकरण तथा पोषणयुक्त खाद्यान्नप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यलाई प्रभावकारी रूपमा अघि बढाएको कडरियाले जनाउनु भयो।

## प्रसिद्ध आरोही निर्मल पुर्जासहित १० जनाकै मृत्यु भएको पुष्टि

**रासस**
काठमाडौं, १६ साउन

पाकिस्तानको काराकोरम क्षेत्रस्थित 'ब्रड पिक' हिमालमा बिहीबार गएको हिमपहिरोमा परेका प्रसिद्ध नेपाली आरोही निर्मल पुर्जासहित १० जनाकै आरोहीको मृत्यु भएको पुष्टि भएको छ।

हिमपहिरोमा परी बेपत्ता भएका उनीहरूमध्ये चारजनाको शव शुक्रबार फेला परेको थियो। बाँकी छ जना भने बेपत्ता नै रहेको बताइएको थियो। शनिबार मात्रै सबै आरोहीको मृत्यु भएको आधिकारिक जानकारी 'निम्स दाइ फाउन्डेसन' र 'एलिट एक्सपिडिसन'ले सामाजिक सञ्जालमार्फत गराएको हो। सो घटनामा म्याग्दीको दानामा जन्मिएका पूर्वबेलायती गोर्खा निर्मल पुर्जा 'निम्स दाइ'सँगै जम्मा छ जना नेपालीले ज्यान गुमाएका छन्। ज्यान गुमाउने अन्य नेपाली आरोहीमा पुरबहादुर गुरुङ, निमा शेर्पा, किलीपेम्बा शेर्पा, ग्यालु शेर्पा र नवाङ थिन्डु शेर्पा रहेका छन्।

त्यसैगरी, विदेशी आरोहीहरू सोहेल शाखी (पाकिस्तान), वाङ झोङ (चीन), नादिरा अहमद (ओमान), म्यालोरी गेइस (अमेरिका) छन्। सन् २०१९ मा निर्मल पुर्जाले संसारका आठ हजार मिटर अग्ला १४ वटा हिमाल छ महिना छ दिनभित्र आरोहण गरी विश्व कीर्तिमानी कायम गरेसँगै चर्चामा आउनुभएको थियो। उहाँका हिमाल आरोहणसम्बन्धी अन्य कीर्तिमान रहेका छन्।

हिमपहिराले उनीहरूलाई छ हजार मिटरभन्दा माथिबाट करिब ८०० मिटर तलसम्म बगाएको थियो। खराब मौसमका कारण सो घटनामा तत्काल उद्धार गर्न कठिनाइ भएको थियो। पुर्जाका व्यावसयिक सहकर्मीसमेत रहनुभएका प्रतिनिधिसभा सदस्य मिङ्मा ग्याबु (डेभिड) शेर्पा शुक्रबार नै पाकिस्तानतर्फ प्रस्थान गर्नुभएको थियो।

मृत्यु भएका नेपाली आरोहीरूमा पुरबहादुर गुरुङ गोरखाका हुन् भने किलीपेम्बा शेर्पा दोलखा, ग्यालु शेर्पा ओखलढुङ्गा, नवाङ थिन्डु शेर्पा र निमा शेर्पा सङ्खुवासभाका हुन्।

## विपद्का बेला भावनाले मात्र काम गर्ने होइन, सीप र क्षमता चाहिन्छ : सभापति थापा

**रासस**
काठमाडौं, १६ साउन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले विपद्का बेला भावनाले मात्र काम नगर्ने हुँदा सीप र क्षमता विकास गरेर सहयोग गर्न पार्टीपंक्तिलाई आह्वान गर्नुभएको छ।

कांग्रेसले विपद् यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्यमा केन्द्रित रहेर केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा उहाँले राजनीतिक नेतृत्वमा करुणा सबैभन्दा ठूलो गुण हुने बताउनुभयो।

"ज्ञानमा आधारित जनशक्तिले मात्र परी आउँदा सहयोग पुऱ्याउन सक्ने हुन्छ", उहाँले भन्नुभयो, "सहभागीहरूलाई कांग्रेसको नयाँ अभियानमा यही विषयमा केन्द्रित रहेर सेवा भावका साथ काम गर्न आह्वान गर्छु।" कांग्रेसका उपसभापति तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले विगतमा पार्टीले विपद्मा परेका मानिसको उद्धार गर्न नसेकेर टुलुटुलु हेर्नु परेको आवस्थाको उदाहरण दिँदै अबका दिनमा पार्टी विपद्लगायत सामाजिक काममा क्रियाशील हुने बताउनुभयो। "विपद् पूर्वतयारी तथा प्रतिकार्य प्रशिक्षण यसको आरम्भ गरेका छौं। यस्ता खालका प्रशिक्षण देशभर सञ्चालन गर्ने सोचमा पार्टी रहेको छ", उहाँले भन्नुभयो। कांग्रेसले साउन १६-१८ चल्ने प्रशिक्षणमा विपद् विज्ञहरू तीवेन्द्र बाँस्कोटा, भोजराज घिमिरे, पिताम्वर अर्याल, पूजा शाक्य, राम भट्टराई र लक्ष्मण माली प्रशिक्षक रहनुभएको छ।


## 'ग्यासको आपूर्ति नियमित छ, अभाव छैन'

**रासस**
काठमाडौं, १६ साउन

खाना पकाउने एलपी ग्यासको बिक्रीलाई व्यवस्थित बनाउन नेपाल आयल निगमले टेकुस्थित कार्यालयबाट विभिन्न पाँच कम्पनीको ग्यास सिलिण्डर बिक्री गर्ने व्यवस्था मिलाएको छ।

ि न ग म ल ` शनिारदेखि काठमाडौं उपत्यकामा बजारीकरण गर्ने नेपाल, एचपी, एभरेष्ट, सुगम र श्रीराम ग्यासका सिलिण्डर सम्बन्धित उद्योगमार्फत बिक्रीवितरण गर्ने व्यवस्था मिलाएको हो। निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार ती उद्योगले बिहान ११:०० देखि अपराह्न ५:०० बजेसम्म १४ दशमलव दुई केजीका ग्यास सिलिण्डरको बिक्री वितरण गर्नेछन्। गत जुलाईमा मात्रै करिब ४९ हजार मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ। उद्योगीले यही साउन १ गतेदेखि १५ गतेसम्म २६ दशमलव पाँच मेट्रिकटन ग्यास आयात गरेका छन्। "ग्यासको अभाव होइन, मागअनुसारको ग्यास आपूर्ति भइरहेको छ, सात दशमलव एक किलो ग्यास भएको सिलिण्डरबाट १४ दशमलव दुई किलोमा 'स्वीच' हुँदा तत्काल समस्या देखिएको हो", प्रवक्ता ठाकुरले भन्नुभयो, "बढीमा एक सातामा ग्यासको बिक्रीवितरण सहज हुनेछ।" निगमले माग अनुसारको ग्यास आयत भइरहेको दाबी गरेपनि उपभोक्ताले सहजै ग्यास पाउन नसकेको गुनासा गरेका छन्। काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा ग्यासको अभाव देखिएको छ। अधिकांश बिक्रेताले उद्योगबाट ग्यास नआएको भन्दै उपभोक्तालाई फर्काइरहेका छन्।

काठमाडौंको बालाजु क्षेत्रमा बसोबास नवराज पोखरेलले केहीदिनदेखि सहज रूपमा ग्यास नपाएको गुनासो गर्नुभयो। "ग्यास पसलमा जाँदा उद्योगबाट ग्यास नआएको भनेकाले नाम टिपाएर आएको छु। एक-दुई दिनमा ग्यास आएपछि पसलेले पठाउँछु भनेका छन्", उहाँले भन्नुभयो। एलपी ग्यासको आयात तथा बिक्रीवितरण नियमित भइरहेको जनाउँदै निगमले आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न एवं अनावश्यक भण्डारण नगर्न उपभोक्तालाई आग्रह गरेको छ। उपभोक्ताबाट बजारमा ग्यास अभाव भएको भन्ने गुनासो आइरहेकातर्फ उद्योगीको ध्यानाकर्षण गराउँदै निगमले ग्यासको सहज आपूर्तिको व्यवस्था मिलाउन उद्योगीलाई निर्देशन दिएको छ।



# सञ्चारमा वेलनेस हिलिङको महत्वबारे अन्तरक्रिया तथा प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

सञ्चारिका समूह नेपाल, गण्डकी प्रदेशको आयोजना तथा ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, जरेवर-६ शाखाको सहकार्यमा 'सञ्चारमा वेलनेस हिलिङको महत्व' विषयक एकदिने अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम शनिबार पोखरामा सम्पन्न भएको छ।



कार्यक्रमका प्रमुख प्रशिक्षक ब्रह्माकुमार विजयराज सिग्देलले सञ्चार क्षेत्रमा कार्यरत व्यक्तिहरूले दैनिक रूपमा उच्च कार्यचाप, मानसिक तनाव तथा चुनौतीहरूको सामना गर्नुपर्ने भएकाले मानसिक सन्तुलन, सकारात्मक सोच र ध्यान (मेडिटेसन) लाई जीवनशैलीको हिस्सा बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले वेलनेस हिलिङले मानसिक शान्ति, आत्मविश्वास, निर्णय क्षमता र कार्यदक्षता अभिवृद्धि गर्दै जिम्मेवार तथा सकारात्मक सञ्चार प्रवाहमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, जरेवर-६ शाखाकी सञ्चालिका ब्रह्माकुमारी पुनम दिदीले सञ्चारिका समूह गण्डकी प्रदेशसँगको सहकार्यमा पत्रकारहरूका लागि यस्तो कार्यक्रम आयोजना गर्न पाउँदा अत्यन्त खुसी लागेको बताउनुभयो। उहाँले सञ्चारकर्मीहरू समाज परिवर्तनका संवाहक भएकाले उनीहरूको मानसिक, आत्मिक तथा भावनात्मक स्वास्थ्य सुदृढ हुनु आवश्यक रहेको उल्लेख गर्दै आगामी दिनमा पनि सञ्चारिका समूहसँग सहकार्य गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सञ्चारिका समुह गण्डकी प्रदेशकी अध्यक्ष राधिका कँडेलले सञ्चार क्षेत्रमा बढ्दो मानसिक दबाबका बीच पत्रकारहरूको मानसि क स्वास्थ्यलाई प्राथमिकतामा राख्दै आयोजना गरिएको कार्यक्रम फलदायी भएको बताउनुभयो । उहाँले सञ्चारिका समूहले आगामी दिनमा पनि पत्रकारहरूको क्षमता विकास र मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि यस्ता रचनात्मक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रशिक्षणका क्रममा सहभागीहरूलाई ध्यान अभ्यास गराइएको थियो । कार्यक्रममा सहभागी पत्रकारहरूले यस्ता कार्यक्रमले मानसिक स्वास्थ्य प्रवर्द्धन, तनाव व्यवस्थापन, आत्मिक सशक्तीकरण तथा व्यवसायिक क्षमता अभिवृद्धिमा महत्वपूर्ण सहयोग पुग्ने धारणा व्यक्त गरेका थिए।

कार्यक्रमले पत्रकारहरूबीच मानसिक स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्नुका साथै सकारात्मक सोच, आत्मिक शान्ति र जिम्मेवार सञ्चार संस्कृतिको विकासमा टेवा पुग्ने विश्वास आयोजकले व्यक्त गरेको छ।

सञ्चारिका समूह नेपाल, गण्डकी प्रदेशका अध्यक्ष राधिका कँडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन उपाध्यक्ष कञ्चन थापाले गर्नुभएको थियो । कार्यक्रममा पत्रकार, सञ्चारकर्मी तथा विभिन्न सञ्चारमाध्यममा कार्यरत प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

# ज्येष्ठ नागरिक सेवा समाज नेपाल पोखरा-२७ को प्रथम साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

ज्येष्ठ नागरिक सेवा समाज नेपाल पोखरा -२७ को प्रथम साधारणसभा शनिवार सम्पन्न भएको छ।




संस्थाको कार्यालय अर्घौं घरेलुचौरमा अध्यक्ष राममणि भट्टराईको अध्यक्षतामा भएको साधारणसभामा बोल्दै पोखरा महानगरपालिका वडा नं २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङ्गले ज्येष्ठ नागरिक प्रेरणाका स्रोत भएकाले उनीहरुका अनुभव महत्वपूर्ण रहने वताए।

स्वर्गीय हिरामणि सुवेदीको योगदान सम्झिदै ज्येष्ठ नागरिक सेवा समाज नेपाल पोखरा -२७ को भवन सम्पन्न गर्न सहयोग गर्ने सबैलाई उनले धन्यवाद दिएका थिए । साधारणसभामा लेखनाथ उद्योग वाणिज्य संघका द्धितीय उपाध्यक्ष ध्रुवबाबु भट्टराई,अर्घौं सामाजिक सेवा संस्थाका अध्यक्ष मथुरा श्रेष्ठ,समाजसेवी नारायणमणि लामिछाने, ज्येष्ठ नागरिक सेवा समाज पोखरा -२६ का अध्यक्ष जगन्नाथ तिमिल्सेना, ज्येष्ठ नागरिक सेवा समाज पोखरा -१४ का अध्यक्ष नवीन पौडेल, पोखरा -३० का अध्यक्ष तारानाथ पौडेल पूर्ववडासदस्यशेखरनाथलामिछाने ,संस्थाका सल्लाहकारहरु प्रयागराज भण्डारी, रामनरेश यादव, विधान निर्माण समितिका अध्यक्ष दण्डपाणि पौडेल, विभिन्न टोल विकास का अध्यक्ष लगायतले शुभकामना दिएका थिए।

ऋषिकेश बरालले जीवनको उत्तरकालमा रहेका ज्येष्ठ नागरिकप्रति समर्पित कविता वाचन गरे। उपाध्यक्ष रमाकुमारी पौडेलले स्वागत गरेको कार्यक्रममा सचिव कलाधर सापकोटा र कोषध्यक्ष अणनाथ बरालका प्रतिवेदनहरु सर्वसम्मत पारित गरिएका थिए। कार्यक्रम सल्लाहकार राधामोहन पौडेलले सञ्चालन गरेका थिए।

# करदाता प्रोत्साहन पोर्टल सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

आन्तरिक राजस्व विभागले करदाता प्रोत्साहन उपहार कार्यक्रममा सहभागी हुन उपभोक्ताहरूलाई आह्वान गरेको छ । विभागले मंगलबार सूचना जारी गर्दै विभागले नगद कारोबार गरेका उपभोक्ताहरूलाई आफ्नो सक्कल बिल दर्ता गराउन आग्रह गरेको हो।

विभागका उपमहानिर्देशक जनकराज शर्माका अनुसार साउन १ गते यता रु १०० भन्दा बढीको वस्तु वा सेवा नगदमा खरिद गरी सक्कल प्यान तथा भ्याट बिल लिएका उपभोक्ता करदाता प्रोत्साहन कार्यक्रममा सहभागी हुन पाउँछन्।

"हामीले प्राइज डट आइआरडी डट जिओभी डट एनपी नामक नयाँ वेवसाइट शनिबारदेखि सञ्चालनमा ल्याएका छौँ", उपमहानिर्देशक शर्माले भन्नुभयो, "नगद भुक्तानी गरी स्व-प्रयोजनका लागि नेपालभित्र एक पटकमा रु १०० भन्दा बढी मूल्यको वस्तु तथा सेवा खरिद गर्ने बीजक लिएका योग्य उपभोक्ताहरूले वेबसाइटमा गएर आफ्नो बिल अपलोड गर्न सक्नुहुन्छ।"

क्यूआरमार्फत गरिने कारोबार प्रणालीमार्फत नै उपहार कार्यक्रमको प्रणालीमा समावेश गरी सकिएकाले उनीहरूले अहिले बिल प्रविष्ट (इन्ट्री) गर्नु नपर्ने पनि विभागले स्पष्ट पारेको छ। विभागका अनुसार बैंक तथा वालेटको क्यूआरमार्फत रु १०० भन्दा बढीको वस्तु तथा सेवा खरिद गरेका उपभोक्ताहरूले अहिले बिल दर्ता गराउनुपर्दैन।

क्यूआरबाट पैसा तिरेको कारोबार डाउनलोड गरेर राख्ने र सोही ट्रान्स्याक्सन नम्बर नै उपहारका लागि विभागको प्रणालीमा प्रविष्ट भइसकेकाले उक्त नम्बर नै उपहारका लागि योग्य हुनेछ। उपहार घोषणापछि सक्कल बिल अनिवार्य हुने भएकाले बिलहरू भने सुरक्षित राख्न विभागले सबै उपभोक्ताको ध्यानाकर्षण गराएको छ।

विभागले आफूले गरेको खरिदको सक्कल भ्याट तथा प्यान बिल माग्न र बिल नपाएको खण्डमा विभागमा जानकारी गराउन उपभोक्तालाई आग्रह गरेको छ । विभागले साउन १ गतेदेखि लागू गरेको करदाता प्रोत्साहन कार्यक्रमको पहिलो १५ दिनको नतिजा आगामी साता सार्वजनिक गर्ने तयारी गरेको छ। "प्राविधिक हिसाबले हामी तयारी अवस्थामा छौँ।

कुनै ठूलो प्राविधिक समस्या नआए आगामी साता पहिलो १५ दिनको (हरेक दिनको रु एक लाखका दरले १५ जना विजेता र १५ दिनको बम्पर रु १० लाखका विजेता एक जना) नतिजा घोषणा गर्न सक्ने अवस्थामा छौँ", विभागले भनेको छ । आर्थिक वर्ष २०८३/८४ को बजेटमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले करदातालाई कर प्रणालीमा ल्याउन र बिल लिने संस्कृतिको विकास गर्न करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गर्ने घोषणा गर्नुभएको थियो । सोही घोषणाअनुसार मन्त्रालयले असार अन्तिम साता उपहार सञ्चालन कार्यविधि स्वीकृत गरेको थियो।

# सञ्चारमा वेलनेस हिलिङको महत्वबारे अन्तरक्रिया तथा प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

संविधानले शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको भन्दै सरोकारवालाले नीति तथा कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन।



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालयको आयोजना तथा मानव अधिकार रक्षक सञ्जाल गण्डकी प्रदेशको समन्वयमा शुक्रबार पोखरामा आयोजित मानवका लागि मानव अधिकार, मानव अधिकारका लागि उपयुक्त संस्कृतू मूल नारासहितको शिक्षा तथा स्वास्थ्य अधिकार विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले शिक्षा र स्वास्थ्य क्षेत्रका समसामयिक समस्या, नीतिगत सुधार तथा कार्यान्वयनका चुनौतीबारे व्यापक छलफल गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री गोविन्दबहादुर नेपालीले शिक्षा र स्वास्थ्य नागरिकका आधारभूत तथा मौलिक अधिकार भएकाले सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व भएको बताउनुभयो। आर्थिक अवस्था कमजोर भएकै कारण नागरिक उपचार र शिक्षाबाट वञ्चित हुने अवस्था अन्त्य हुनुपर्ने उल्लेख गर्दै उहाँले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा राज्यको लगानी र जिम्मेवारी अझ प्रभावकारी बनाउन आवश्यक रहेको धारणा राख्नुभयो। गण्डकी प्रदेश सरकारले यी दुवै क्षेत्रको गुणस्तर सुधारका लागि नीतिगत तथा संरचनागत सुधार अघि बढाइरहेको जानकारी दिँदै नागरिक समाज तथा इन्सेकजस्ता संस्थाबाट प्राप्त रचनात्मक सुझावलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। गण्डकी प्रदेशसभा सदस्य फणिडन्द्र देवकोटाले संविधानमा व्यवस्था गरिएका मौलिक अधिकार व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको बताउनुभयो। सामाजिक तथा भौगोलिक विविधता, कमजोर अर्थतन्त्र र नीतिगत इच्छाशक्तिको अभावका कारण संवैधानिक व्यवस्था र व्यवहारबीच ठूलो अन्तर रहेको उहाँको भनाइ थियो । उहाँले समावेशी, सिपमूलक र गुणस्तरीय शिक्षासँगै दुर्गम क्षेत्रसम्म आधारभूत स्वास्थ्य सेवा विस्तार गर्न राज्यले ठोस पहल गर्नुपर्नेमा जोड दिँदै अधिकारलाई कानुनी व्यवस्थामा मात्र सीमित नराखी बजेट तथा कार्यक्रममार्फत नागरिकको दैलोसम्म पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले सरकारी तथा निजी शिक्षा र स्वास्थ्य संस्थाले राज्यले निर्धारण गरेका मापदण्ड कडाइका साथ पालना गर्नुपर्ने बताउनुभयो। अनुगमनका क्रममा विभिन्न कमजोरी भेटिने गरेको उल्लेख गर्दै उहाँले शिक्षा वैज्ञानिक, जीवनोपयोगी र व्यवहारिक हुनुपर्ने तथा अन्धविश्वास न्यूनीकरणमा सहयोगी बन्नुपर्ने धारणा व्यक्त गर्नुभयो। जिल्ला समन्वय समिति कास्कीका समन्वय अधिकारी नवराज बरालले सङ्घ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय भए मात्र शिक्षा र स्वास्थ्य अधिकारको सुनिश्चितता सम्भव हुने बताउनुभयो। विद्यालय तहबाटै गुणस्तरीय सिकाइ वातावरण निर्माण, विद्यार्थीको मनोविज्ञानअनुसार शिक्षण, विद्यालय छाड्ने दर नियन्त्रण तथा स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि एकीकृत योजना आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो। वरिष्ठ मानव अधिकारकर्मी तथा नागरिक मञ्च गण्डकीका संयोजक विष्णुप्रसाद बरालले आवश्यकता र औचित्यभन्दा पहुँच र प्रभावका आधारमा बजेट तथा योजना छनोट हुने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्नुभयो । धेरै कानुन बने पनि कार्यान्वयन कमजोर रहेको उल्लेख गर्दै व्यवहारिक शिक्षामार्फत विपन्न समुदायलाई मूलधारमा ल्याउने नतिजामुखी कार्यक्रम आवश्यक रहेको उहाँको भनाइ थियो। इन्सेक गण्डकी प्रदेशका संयोजक गणेश भण्डारीले शिक्षा र स्वास्थ्यसम्बन्धी कानुन तथा नीति निर्माणभन्दा तिनको प्रभावकारी कार्यान्वयन अहिलेको मुख्य चुनौती भएको बताउनुभयो। संविधानले शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गरे पनि सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै एउटा कानुनको प्रभावकारी कार्यान्वयनले समेत ठूलो परिवर्तन ल्याउन सक्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का समन्वय अधिकृत बद्रीप्रसाद वाग्लेले गण्डकी प्रदेशमा शिक्षा तथा स्वास्थ्य अधिकारको अवस्था, संवैधानिक तथा कानुनी व्यवस्था, कार्यान्वयनका चुनौती तथा सुधारका सम्भावनाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका उपसचिव तथा शिक्षा महाशाखा प्रमुख घनश्याम पौडेलले शिक्षा क्षेत्रमा नीति निर्माणसँगै कार्यान्वयन पक्षलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

त्यसैगरी राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल गण्डकी प्रदेशका अध्यक्ष हेमबहादुर गुरुङ, कास्की जिल्ला अदालत बार एसोसिएसनका अध्यक्ष अधिवक्ता गणेशबहादुर आले, क्याम्पेन फर चेन्ज गण्डकी प्रदेशका फिल्ड अफिसर कमल कञ्चन कार्की तथा मानव अधिकारका लागि दलित महिला सशक्तिकरण नेपालकी अध्यक्ष ईश्वरी बिकले शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिएका समस्या पहिचानसँगै समाधानमुखी पहल अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो। मानव अधिकार रक्षक सञ्जाल गण्डकी प्रदेशका संयोजक रामहरि ढुङ्गानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहसंयोजक जुना केसीले स्वागत तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्नुभएको थियो भने सञ्चालन सचिव सावित्री अधिकारी घिमिरेले गर्नुभएको थियो।

# नेपाल-चीन कूटनीतिक सम्बन्ध ७२ वर्षमा

**रासस**
काठमाडौं, १६ साउन

नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७१ वर्ष शनिार पूरा भएको छ।

यस अवसरमा नेपालका लागि चीनका राजदूत चाङ माओमिङले दुई देशबीचको परम्परागत मित्रता, पारस्परिक सम्मान र पारस्परिक हितमा आधारित सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

राजदूत चाङले जारी गर्नुभएको शुभकामना सन्देशमा चीन-नेपाल कूटनीतिक सम्बन्ध स्थापना भएको ७१औँ वर्षगाँठका अवसरमा दुवै मुलुकबीच दिगो मित्रता, पारस्परिक सम्मान र आपसी लाभमा आधारित सहकार्य निरन्तर सुदृढ हुँदै गएको उल्लेख गरिएको छ । सन्देशमा उहाँले नेपालसँगको परम्परागत मित्रतालाई निरन्तर अघि बढाउँदै विकास र समृद्धिका लागि चिरस्थायी मित्रतामा आधारित रणनीतिक साझेदारीलाई थप उचाइमा पुऱ्याउन तथा त्यसबाट दुवै देशका जनतालाई अझ बढी लाभ पुऱ्याउन नेपालसँग सहकार्य गर्न तत्पर रहेको बताउनुभएको छ।


## भू-संरक्षणमा ध्यान दिऔं

◆ भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
◆ भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
◆ भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
◆ बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुंगा उत्खनन नगरौ,
◆ भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
◆ वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
◆ भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड





फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कांग्रसलाई कमजोर बनाउन नलाग

देशमा लोकतान्त्रिक पार्टीहरु मिलेर जानुपर्ने बेला नेपाली कांग्रेस विभाजनतिर अघि बढेको छ । विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापासहित पार्टी नेतृत्व तहबाट एकताको प्रयास नभएको भन्दै पूर्वसभापति शेरबहादुर समूहले अलग बाटोमा हिँड्ने गरी गृहकार्य अघि बढाएको छ । पार्टीमा सम्मानजनक है सियत खोज्दै आएको देउवा समूहले साउन २९ गते काठमाडौंमा राष्ट्रिय भेला राखेको छ । भेलाको तयारीबारे जानकारी दिन शनिबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा इतर पक्षका अधिकांश शीर्ष नेताहरू सहभागी थिए ।

इतर समूहले पूर्वमहामन्त्री डा.शशांक कोइरालाको नेतृत्वमा ५५१ सदस्यीय आयोजक समिति गठन गरेको छ । सहमति हुन नसकेमा छुट्टै पार्टीको स्वरूप दिने गरि भेला सम्पन्न गर्नको लागि १६ वटा तयारी समिति गठन गरिएको नेता मीन विश्वकर्माले जानकारी गराए । भेलामा राजनीतिक, समसामयिक राजनीतिक, सांगठानिक, विधान मस्यौदालगायतको समिति बनाएको छ । विशेष महाधिवेशनमा सहभागी नभएकको केन्द्रीय कार्यसमिति बैठक बोलाएर सबै समितिहरूको संयोजक र सदस्य तोक्ने गरि तयारी गरेको छ । संस्थापन इतर पक्षले पार्टी नेतृत्वले एकताको पहल नगरेपछि राष्ट्रिय भेला गर्न बाध्य भएको नेता शशांक कोइरालाले बताएर संस्थापनलाई दबाब दिएका छन । एकताको आफूहरूले अनवरत प्रयास गर्दा पनि असफल भएको डाक्टर शशांकको भनाइ छ ।

भेला आयोजक समितिका संयोजक समेत रहेका नेता कोइरालाले भने, 'पार्टीभित्र सम्पूर्ण एकताका लागि अनवरत प्रयास, धैर्यता र पहल गर्दागर्दै पनि पदीय जिम्मेवारीमा रहेका साथीहरूबाट सार्थक भूमिका नदेखिएपछि पार्टीका नेता, कार्यकर्ता, जनप्रतिनिधि एवं शुभचिन्तकहरूमा देखिएको चिन्ता र निराशालाई सम्बोधन गर्न राष्ट्रिय भेला आयोजना गर्न हामी बाध्य भएका छौं ।' पार्टीभित्रको वर्तमान अवस्था मुलुकमा देखिएको राजनीतिक, आर्थिक, सामाजिक तथा धर्म-सांस्कृतिक लगायतका नागरिक जीवनसँग जोडिएको विविध गम्भीर सवालहरूमा गहन छलफल गरी देखिएका हरेक चुनौतीमा सामना गर्न सक्ने वैचारिक, नीतिगत एवं सङ्गठनात्मक दृष्टिले नयाँ र स्पष्ट कार्यदिशासहित भेलाले तय गर्ने उनको भनाइ छ । लामो समय पार्टीको नेतृत्व तहमा रहेर काम गरेका नेताहरूलाई बाहिर जाने अवस्थालाई राम्रो मान्न सकिन्न ।

यो भेलापछि देउवा समूह औपचारिक रूपमै नयाँ पार्टी गठनको गृहकार्यमा अघि बढ्नेछ। कोइराला परिवारको लिगेसी तान्नको लागि भएपनि यो समूहले शशाङ्कलाई नै पार्टीको नेतृत्व अघि सार्ने सम्भावना रहेको छ । त्यसो त कोइराला परिवारका अर्का नेता शेखर कोइरालाले पनि यो अभियानमा साथ दिएको शशाङ्कले दाबी गरेका छन । सधै अडान लिन नसक्ने शेखरले साथ दिन्छन भन्न मिल्दैन । 'शेखर दाइसँग मैले पटक-पटक अनुरोध गरैं। व्यस्त भएको कारणले उहाँले भन्नुभयो, मेरो सहमति त छँदै छ, म के भन्छन् न्युजमा पनि भन्दिन्छु मेरो सहमति छ, म आउन सकिनँ भनेर क्षमा माग्नुभएको छ ।' शशांकले भनेर पत्याउन संस्थापन तयार छैन ।

संस्थापन पक्षले भने देउवा समूहले विशेष महाधिवेशनलाई अस्वीकार गर्दै विधानभन्दा बाहिरको माग अघि सारेपछि सहमतिको सम्भावना कमजोर भएको निष्कर्ष निकालेको छ । गगन नेतृत्वको कार्यसमितिलाई सर्वोच्चले दिएको मान्यताविरुद्ध यो समूह फेरि अदालत नै गएपछि संस्थापन पक्ष थप चिढिएको छ । पार्टीलाई मिलाउन भन्दा विभाजन होस भन्नेलाई सहयोग पुग्ने गरि लाग्नु लोकतान्त्रिक पार्टीलाई कमजोर बनाउनु हुदैन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# सुदूरपश्चिम प्रदेश सरकारको अपिल: सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राखौँ

**रासस**
काठमाडौं, १६ साउन

सुदूरपश्चिम प्रदेश सरकारले सुनसरीको कप्तानगन्न घटनापछि उत्पन्न परिस्थितिलाई दृष्टिगत गर्दै सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र शान्ति कायम राख्न सबैमा अपिल गरेको छ ।

मुख्यमन्त्री कमलबहादुर शाहले शनिबार एक अपिल जारी गरी नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक विशेषता बोकेको मुलुक भएकाले सामाजिक, सांस्कृतिक तथा धार्मिक उत्सवहरू मनाउँदा एकअर्काको भावना र शान्तिमा खलल नपुग्ने गरी मर्यादित व्यवहार गर्न आग्रह गरिएको छ । साथै सामाजिक सञ्जालमा अफवाह, घृणायुक्त अभिव्यक्ति वा भ्रामक सामग्री पोस्ट वा साझा गरेर समाजमा वैमनस्य फैलाउने कार्य नगर्न पनि अनुरोध गरिएको छ । प्रदेश सरकारले कानुन हातमा लिने, सामाजिक सद्भाव भड्काउने तथा अराजकता फैलाउने गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याउन राज्यका निकाय सक्रिय रहेको जनाएको छ । प्रदेशका नागरिकलाई संयमता अपनाई कुनै गतिविधि गर्नु परे स्थानीय तह, प्रशासन र सुरक्षा निकायसँग समन्वय गर्न पनि आग्रह गरिएको छ ।

सुनसरी घटनाको सम्भावित प्रभावलाई दृष्टिगत गर्दै खुला सीमाका कारण हुन सक्ने घूसपैठ तथा अवाञ्छित गतिविधि रोक्न सुदूरपश्चिमका सीमा क्षेत्रमा विशेष सतर्कता अपनाउन सुरक्षा निकायलाई निर्देशन दिइएको पनि अपिलमा उल्लेख छ । प्रदेशका सबै जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायलाई पूर्ण तयारी अवस्थामा रही सुरक्षा व्यवस्था चुस्त बनाउनसमेत निर्देशन दिइएको जनाइएको छ ।

यस्तै, सामाजिक सञ्जाल वा अन्य माध्यमबाट समाजमा उत्तेजना, घृणा र वैमनस्य फैलाउने गरी सार्वजनिक अफवाह र गलत सूचना प्रवाह गर्ने जो-कोहीलाई कडा कानुनी कारबाही गरिने चेतावनी पनि दिइएको छ । साथै सञ्चारकर्मी तथा सञ्चारमाध्यमलाई पनि सामाजिक सद्भावमा आँच आउने खालका सामग्री प्रसारण नगरी सत्य, तथ्य र वस्तुनिष्ठ समाचार मात्रै सम्प्रेषण गर्न आग्रह गरिएको छ । "शान्ति, सुरक्षा, सामाजिक एकता, धार्मिक सहिष्णुता र पारस्परिक भाइचारा कायम राख्न सरकार, राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा, उद्योगी-व्यवसायी, सामाजिक संस्था, सञ्चारमाध्यम र आमनागरिक सबैको सहकार्य आवश्यक छ । त्यसका लागि सामाजिक एकता थप बलियो बनाउने कार्यमा योगदान गर्न सबैमा आह्वान गर्दछु," विज्ञप्तिमा भनिएको छ । सुनसरीमा र अन्य जिल्लामा प्रदर्शनका क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोकसन्तप्त परिवारमा समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरिएको छ ।



हरियाली धानफाँटः
पोखरा महानगरपालिका-३२ बेलबुटे क्षेत्रमा देखिएको हरियाली धानफाँट । बस्ती विकाससँगै यी फाँटहरुमा खेती घट्दो छ। तस्बिर : वासुदेव पौडेल /रासस

# सहकारी ठगीको मुद्धा हेर्न समर्पित इजलास गठन गर्न अनुरोध

**रासस**
काठमाडौं, १६ साउन

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहकारी ठगीसम्बन्धी मुद्दाको छिटो र छरितो ढङ्गले न्याय निरुपण गर्नका लागि सहकारी कसुर हेर्ने 'समर्पित इजलास' गठन गर्न भन्दै सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई प्रतिवेदन पेस गरेको छ ।

सहकारी ठगीसम्बन्धी मुद्धाको चाप बढिरहेकाले सो मुद्दा फर्स्यौटको लागि समर्पित इजलास गठन गर्न अनुरोध गरिएको हो । मन्त्रालयले समर्पित इजलास गठन गर्नुको आवश्यकता र औचित्यको विषयमा कार्यदल गठन गरेर तयार पारेको प्रतिवेदन प्रधानन्यायाधीशलाई बुझाइएको मन्त्रीको निजी सचिवालयले जनाएको छ । सर्वोच्च अदालतले २०८२ माघ ११ गते जारी गरेको निर्देशनात्मक आदेशमा सहकारी कसुरसम्बन्धी मुद्दाको चाप बढी भएका जिल्ला अदालतमा आवश्यकताअनुसार समर्पित इजलास स्थापना गर्न अध्ययन गरी निष्कर्षका आधारमा कार्यान्वयन गर्ने आदेश दिएपछि मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको थियो । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले कार्यदलका सदस्यसहित उक्त प्रतिवेदन सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा मनोज शर्मालाई बुझाउनुभएको हो । कार्यदलको प्रतिवेदनमा सहकारी कसुरलाई सामान्य ठगीको घटनाभन्दा फरक, ठूलो सङ्ख्यामा नागरिकको जीवन, सम्पत्ति र मुलुकको वित्तीय प्रणालीसँग प्रत्यक्ष सम्बन्धित सामाजिक-आर्थिक अपराधका रूपमा व्याख्या गरिएको छ ।

यस्ता मुद्दाको प्रभावकारी र छिटो सुनुवाइका लागि विशेष प्राथमिकतासहित समर्पित इजलास आवश्यक रहेको निष्कर्ष प्रतिवेदनले निकालेको छ । प्रतिवेदनमा सहकारी ठगीका मुद्दा लामो समयसम्म विचाराधीन रहँदा पीडित बचतकर्ताले आफ्नो बचत फिर्ता पाउन नसक्ने, न्यायमा ढिलाइ हुने तथा दोषीलाई विभिन्न प्रकारका संरक्षण हुने जोखिम बढ्ने उल्लेख गरिएको छ । सो प्रतिवेदनमा पीडितलाई समयमै न्याय दिलाउन, सहकारी क्षेत्रप्रतिको जनविश्वास पुनःस्थापित गर्न तथा वित्तीय सुशासन कायम गर्न समर्पित इजलास गठन अपरिहार्य रहेको कार्यदलको निष्कर्ष छ ।

# नेपाल एकीकरण इतिहासमा अमरसिंह थापाले गर्नुभएको योगदान स्मरण

**रासस**
काठमाडौं, १६ साउन

विसं १८७३ साउन १६ गते गोसाइँकुण्डमा देहत्याग गर्नुभएका नेपाल एकीकरणमा योगदान गर्नुभएका राष्ट्रिय विभूति अमरसिंह थापाको २१० औं स्मृति दिवस मनाइएको छ ।

राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठानले शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा विसं १८०० मा नुवाकोट विजय गरेर श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले शिलान्यास गरेको नेपाल एकीकरण अभियानमा अमरसिंह थापाले पुऱ्याउनुभएको योगदानका विषयमा स्मरण गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सर्वोच्च अदालतका न्यायधीश मेघराज पोखरेलले अमरसिंह थापा इतिहासको असाधारण व्यक्तित्व भएको बताउनुभयो । राष्ट्रनिष्ठा र स्वाभिमानले युक्त थापाले प्रलोभन आउँदा 'म बाघको बच्चा (डमरु) हुँ, मलाई सिनो खाने कुकुर नसम्झ' भनी दिनुभएको अभिव्यक्तिले नै उहाँको व्यक्तित्व प्रस्ट हुने बताउनुभयो । सबै नेपालीले अमरसिंहको चरित्र बोक्नुपर्ने समय आएको न्यायधीश पोखरेलले बताउनुभयो । स्वाभिमानबाट बनेको अमरसिंहको इतिहास कसैले मार्न चाहेर नमर्ने पनि उहाँको भनाइ थियो ।

वाग्मती प्रदेशसभा सदस्य एवं प्रदेशका पूर्वमन्त्री दीपेन्द्र श्रेष्ठले कुमाउ, गढवाल, काँगडालगायतका स्थल अमरसिंहले नेपालमा गाभ्न सफल भएको जानकारी दिनुभयो । यस्ता व्यक्तित्वका नाममा ऐतिहासिक सङ्ग्रहालय निर्माणका लागि प्रदेश सरकारबाट सहयोगको पहल गर्ने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो । अर्का वाग्मती प्रदेशसभा सदस्य उद्धव थापाले धादिङको केवलपुरमा निर्माण भएको बडाकाजी अमरसिंह धामको विकासका लागि वाग्मती प्रदेश सरकाबाट सहयोगका लागि पहल गर्ने बताउनुभयो ।

इतिहास एवं संस्कृति विषयका प्रा डा राजाराम सुवेदीले अन्य बाइसे, चौबिसे राज्यमा नभएको एकीकरणमा मरेका सेनाका परिवारलाई मरवटबापत जग्गा दिने प्रचलनले नै गोरखा राज्यले नेपालको एकीकरण गर्न सफल भएको बताउनुभयो ।

अमरसिंहका विषयमा विद्यावारिधि शोध गर्नुभएका प्रा डा इन्दिरा जोशीले नुवाकोट जितेको २५ वर्षपछि पृथ्वीनारायण शाहले काठमाडौँमा आक्रमण गरेको जानकारी गराउनुहुँदै त्यो युद्धमा अमरसिंह पनि सक्रिय सहभागी हुनुभएको स्मरण गर्नुभयो । अमरसिंहको निडरता र निष्पक्षताको सबै नेपालीले अनुसरण गर्नुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा गोरखाको सिरानचोक गाउँपालिकाका पूर्वअध्यक्ष राजु गुरुङलाई सम्मान गरिएको थियो । गाउँपालिका अध्यक्ष हुँदा उहाँले अमरसिंहको स्मृति दिवस पारेर प्रत्येक वर्ष साउन १६ गते पालिकास्तरमा सार्वजनिक बिदा दिने निर्णय गराउनुभएको थियो ।

सम्मानित भएपछि कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले विसं १८०८ मा गोरखाको सिरानचोकमै अमरसिंह जन्मनुभएको प्रमाण आफूले विभिन्न पुस्तकमा प्राप्त गरेपछि स्मृति दिवसमा पालिकास्तरमा सार्वजनिक बिदा दिने निर्णय गराएको बताउनुभयो । सिरानचोकका डाँडामा पाँच/पाँच किलोमिटरको दूरीमा गढी रहेकाले त्यसको संरक्षणका साथ प्रचारप्रसार पनि गरिनुपर्ने पनि उहाँले बताउनुभयो । नेपाली सेनाका पूर्वसहायक रथी एवं सैनिक इतिहासविद् डा प्रेमसिंह बस्नेतले पूर्वमा टिस्टादेखि पश्चिममा किल्ला काँगडासम्म नेपालको सीमा विस्तार गर्ने काममा अमरसिंहको महत्त्वपूर्ण भूमिका रहेको स्मरण गर्नुभयो । अमरसिंहले विसं १८२० मा धुलिखेलको युद्धदेखि लडाइँ लड्न सुरु गरेको पनि उहाँले कार्यक्रममा जानकारी गराउनुभयो । प्रतिष्ठानका संस्थापक अध्यक्ष बाबुरमसिंह थापाले अमरसिंहले सुगौली सन्धिलाई स्वीकार नगरी त्यही कारणले विसं १८७३ साउन १६ गते गोसाइँकुण्डमा देहत्याग गरेको बताउनुभयो । देशको माया गर्ने अमरसिंह जस्ता व्यक्तित्वलाई भावी पुस्ताले सम्झने माध्यम बनाउनकै लागि प्रतिष्ठान स्थापना गरिएको जानकारी पनि उहाँले गराउनुभयो । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष गणेश थापा, वरिष्ठ उपाध्यक्ष इन्द्रबहादुर कार्की, कवयित्री डा शशी पण्डित, प्रा डा श्रीरामप्रसाद उपाध्यायलगायतले नेपाल एकीकरणको इतिहासमा अमरसिंहले खेल्नुभएको भूमिकाबारे चर्चा गर्नुभएको थियो ।

# सवारी दुर्घटना गराउने २५ देखि ४० वर्ष उमेर समूहका बढी

**रासस**
चितवन, १६ साउन

सबैभन्दा बढी सवारी दुर्घटना गराउने चालकको उमेर २५ देखि ४० वर्ष समूहका रहेका छन् । बागमती प्रदेशमा भएका सवारी दुर्घटनामध्ये ती उमेर समूहका चालकका कारण हुने गरेको छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका अनुसार उपत्यकाबाहेक प्रदेशभित्र भएका एक हजार ९२४ दुर्घटनामध्ये ५४ प्रतिशत अर्थात् एक हजार ४२९ वटा दुर्घटना सो उमेर समूहका चालकले गराएका छन् । यस्तै, २५ प्रतिशत अर्थात् ६७९ वटा दुर्घटना १६ देखि २५ वर्ष उमेर समूहका चालकले सवारी चलाउँदा भएको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार ४० वर्षमाथिका सवारी चालकले २५ प्रतिशत दुर्घटना गराएका छन् । युवा पुस्तामा सवारी तीव्र गतिमा हाँक्ने जोस बढ्दा दुर्घटना गराउने चालक युवा पुस्ताका बढी भएका हुन् ।

ती दुर्घटनामा परी ज्यान गुमाउनेको सङ्ख्या २५ वर्षभन्दा माथि उमेर समूहका धेरै रहेका छन् । सो उमेर समूहका २६७ जनाको मृत्यु भएको छ भने १६ देखि २५ वर्ष उमेर समूहका ५९, छदेखि १६ वर्ष उमेर समूहका सात र छ वर्षदेखि तलका उमेर समूहका सात जना रहेका छन् । घाइते हुनेको सङ्ख्या पनि सोही अनुपातमा रहेको उहाँले जानकारी दिनुभयो ।

गत आर्थिक वर्षमा तीव्र गतिका कारण एक हजार ४१, चालकको लापरबाहीले २४०, यात्रुको गल्तीले १५४, मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा ११९ र यान्त्रिक गडबडीले १२१ वटा दुर्घटना भएका छन् । यस्तै, सडकको अवस्थाका कारण १०७ वटा 'ओभरटेक' गर्दा ७२, मौसमको खराबीले चौपायका कारण १०, ओभरलोड भएर आठ र अन्य कारणले ३८ वटा दुर्घटना भएको उहाँले जानकारी दिनुभयो ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ११ निवासी भारतीय भु.पु. सैनिक नं. ५४४७११५, १/५ G.R. का L\HAV मिम वहादुर गुरुङको एकमात्र हकवाला श्रीमती ज्ञानी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर **ज्ञानी गुरुङ** भएको र पेन्सन अभिलेखमा नामथर **दुर्गा देवी गुरुङसेनी** उल्लेख भई फरक परेतापनि उक्त **व्यक्ति एउटै भएको** र पेन्सन निस्केपछी दुई नामथरको सिफारिस पेश गर्नुपर्नेमा अज्ञानताका कारण समयमा विवरण पेश गर्न ढिला भएको व्यहोरा अनुरोध छ भनि अन्नपूर्ण गाउँपालिका ११ नं. वडा कार्यालयको च.नं. १४ मिति २०८३/०४/१२ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# अबिच्युरी : निम्स दाइ : असम्भवलाई सम्भव बनाउने हिमालका योद्धा

कुम्भराज राई
काठमाडौं, १६ साउन/रासस



हिमाल आरोहणका कथाहरू प्रायः शिखर चुमेका आरोहीका सफलतामा टुङ्गिन्छन् तर केही त्यस्ता आरोही हुन्छन्, जसको वास्तविक उचाइ उनीहरूले चुमेको शिखरले होइन, उनीहरूले सामना गर्ने चुनौती र साहसले मापन गर्छ । विश्व पर्वतारोहण इतिहासमा निर्मल पुर्जा अर्थात् ‘ निम्स दाइ’ एउटा त्यस्तो नाम हो, जसले केवल संसारका अग्ला हिमालहरू आरोहण गर्ने काम मात्र गर्नु भएन, बरु संसारले नेपाली पर्वतारोहीलाई हेर्ने दृष्टिकोण नै बदल्ने प्रयास गर्नुभयो ।

म्याग्दी दानास्थित सामान्य परिवारमा जन्मिनु भएका पुर्जाको बाल्यकाल चरम दुःख र सङ्घर्षले भरिएको थियो । बाल्यकालमा क्षयरोग र दमजस्ता स्वास्थ्य समस्यासँग जुध्नुभएका पुर्जा कुनै दिन विश्वकै सबैभन्दा कठिन हिमालहरू आरोहण गरेर इतिहास रच्ने व्यक्ति बन्लान् भन्ने कल्पना अरूले त छाडौँ उहाँ आफैँले गर्नुभएको थिएन । गाउँको सामान्य जीवनबाट सुरु भएको उहाँको यात्रा बेलायती गोर्खा सैनिकसम्म पुग्यो । उहाँ सन् २००३ मा बेलायती सैनिकका रूपमा भर्ती हुनुभयो । त्यहाँ पनि उहाँ साधारण सैनिक भएर बस्नुभएन । कठिन छनोट प्रक्रिया पार गर्दै बेलायतको प्रतिष्ठित स्पेसल बोट सर्भिस (एसबिएस) मा प्रवेश गर्ने पहिलो गोर्खा सैनिक बन्नुभयो । सैन्य जीवनले उहाँलाई अनुशासन, जोखिम व्यवस्थापन, नेतृत्व र असम्भवलाई कसरी सम्भव बनाउने भन्ने सीपका साथै आत्मविश्वास दिलायो तर उहाँको जीवनको मोड हिमाल बन्यो । सन् २०१२ मा सगरमाथा आधार शिविरसम्मको पहिलो यात्राले उहाँको सोच बदलियो । हिमाल केवल प्राकृतिक सुन्दरता होइन, आफ्नो क्षमताको सीमा परीक्षण गर्ने प्रयोगशाला पनि रहेछ भन्ने उहाँले महसुस गर्नुभयो । त्यसपछि उहाँले पर्वतारोहणलाई केवल पेसा होइन, जीवनको उद्देश्य बनाउनुभयो र सन् २०१८ मा बेलायती सैनिकबाट राजीनामा दिनुभयो । सन् २०१९ मा उहाँले ‘प्रोजेक्ट पोसिबल’ अभियान घोषणा गर्नुभयो । जुन अभियान धेरैका लागि अव्यावाहरिक र असम्भव सपनाझैँ थियो । सो अभियानको लक्ष्य थियो, ‘ विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल सात महिनाभित्र आरोहण गर्ने ।’ त्यसबेला यो लक्ष्यलाई धेरै अनुभवी पर्वतारोहीहरूले समेत असम्भव भनेर प्रतिक्रिया दिएका थिए । उहाँले सो अभियानका लागि प्रायोजन खोज्दा प्रायोजकहरूसमेत हिच्किचाएका थिए । आर्थिक अभाव यति थियो कि उहाँले आफ्नै घर धितो राखेर अभियान अघि बढाउनुभएको थियो । सो प्रसङ्ग उहाँको आत्मकथा ‘बियोन्ड पोसिबल’मा उल्लेख छ । निम्स दाइका लागि ‘असम्भव’ भन्ने शब्द नै प्रेरणाको स्रोत बन्यो ।

अन्ततः उहाँले ६ महिना ६ दिनमै ती सबै १४ हिमाल आरोहण गरेर इतिहास मात्र रच्नुभएन, सम्भावनाको परिभाषा नै पुनर्लेखन गर्नुभयो । भलै उहाँको सो कीर्तिमान नर्वेजियन आरोही क्रिस्टिन हरिला र नेपाली आरोही तेन्जेन लामा शेर्पाले ९२ दिनपछि नै तोडे तर सो कीर्तिमान तोड्ने साहस उनीहरूमा जो आएको थियो, त्यसको पछाडि निम्स दाइकै ‘सम्भव छ’ भन्ने हिम्मत जोडिएको थियो ।

उहाँको आरोहण यात्राको अर्को महत्त्वपूर्ण पक्ष भनेको नेपाली पर्वतारोहणको पहिचान बदल्ने अभियान थियो । दशकौँसम्म अन्तरराष्ट्रिय सञ्चारमाध्यममा विदेशी आरोहीहरू नायक बन्थे भने नेपाली शेर्पा र उच्च हिमाली सहयोगीहरू पृष्ठभूमिमा सीमित रहन्थे । निम्स दाइले बारम्बार भन्नुभयो, “हिमालको सफलता केवल शिखरमा पुग्ने व्यक्तिको होइन, सम्पूर्ण टोलीको सामूहिक उपलब्धि हो ।” यसको सबैभन्दा राम्रो उदाहरण सन् २०२१ को ऐतिहासिक ‘के-टु’को पहिलो जाडोयामको आरोहणलाई मान्न सकिन्छ । संसारभरका पर्वतारोहीले हालसम्म जाडोयाममा के-टु हिमाल आरोहण गर्न सकेका थिएनन् । सो अभियानमा शिखर पुग्न अन्तिम केही मिटर बाँकी हुँदा टोलीमा आबद्ध जोकोहीले व्यक्तिगत रूपमा अघि बढ्न सक्थे तर निम्स दाइले सबैलाई रोक्नुभयो । दसै जना नेपाली पर्वतारोही एक ठाउँमा भेला भए र नेपालको राष्ट्रिय गान गाउँदै एकसाथ शिखरमा पाइला राखे । त्यो केवल एउटा आरोहण मात्र थिएन, त्यो त विश्व पर्वतारोहण इतिहासमा नेपालीले लेखेको एक इतिहासको अध्याय थियो ।

निम्स दाइले खिच्नुभएको सगरमाथाको ‘ट्राफिक जाम’को तस्बिर सन् २०१९ मा संसारभर ‘ भाइरल’ बन्यो । धेरैका लागि त्यो भीडको दृश्य थियो, तर निम्सका लागि त्यो हिमाल व्यवस्थापन, मौसमको सीमित अवसर र बढ्दो व्यावसायिक आरोहणबारे विश्वव्यापी बहस सुरु गराउने दस्तावेज बन्यो ।

उहाँले देखाउनुभएको अर्को पक्ष उद्धार अभियानप्रतिको प्रतिबद्धता हो । कतिपय अवस्थामा उहाँले आफ्नो व्यक्तिगत कीर्तिमानभन्दा माथि उठेर मानवीयतालाई प्राथमिकता दिँदै उद्धार अभियानमा संलग्न हुनुभयो । उहाँको जीवनदर्शन सरल थियो, ‘सम्भव छ’ । अरूले असम्भव देख्ने लक्ष्यलाई सम्भव बनाउन सकिन्छ भन्ने विश्वासले नै उहाँलाई विश्वभर ‘निम्स दाइ’ का रूपमा चिनायो । यही दर्शनले सन् २०२१ मा ‘नेटफ्लिक्स’को चर्चित वृत्तचित्र ‘फोर्टिन पिक्सः नोथिङ इज इम्पोसिबल’ मार्फत करोडौँ दर्शकसम्म उहाँको कथा पुग्यो । आज निम्स दाइ केवल कीर्तिमानी पर्वतारोहीका रूपमा मात्र रहनुभएन । उहाँ त नेपाली पर्वतारोहणको नयाँ आत्मविश्वासका प्रतीक बन्नुभएको छ । उहाँले नेपाली पर्वतारोहीलाई विश्वमञ्चमा सहायक नभएर नेतृत्वकर्ता र निर्णयकर्ता रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । एलिट एक्सपिडिसनमार्फत नयाँ पुस्ताका नेपाली पर्वतारोहीलाई अवसर सिर्जना गर्ने प्रयास होस् वा निम्स दाइ फाउन्डेसन मार्फत हिमाली वातावरण संरक्षणका अभियानमा उहाँको योगदान शिखरभन्दा धेरै परसम्म फैलिएको छ । त्यसो त निम्स दाइ पनि सर्वगुण सम्पन्न हुनुहुन्थेन । मानिसमा हुने सामान्य कमजोरी उहाँमा पनि थियो । विभिन्न समयमा उहाँ केही विवादमा पनि मुछिनुभयो । सन् २०१९ मा आमादब्लमको शिखर नै ढाक्ने गरी कुवेतको झण्डा राखेको, केही विदेशी महिलालाई यौन दुर्व्यवहार गरेको, उहाँको कम्पनीले भाडामा लिएको घर कपनमा आगलागी हुँदा व्यक्तिको ज्यान गएको, कतिपय हिमालमा आरोहणका गतिविधिमा मनपर्दी गरेको जस्ता आरोप उहाँमाथि लागेको थियो तर ती सबै आरोपको खण्डन गर्दै उहाँले स्पष्टीकरण दिँदै आउनुभएको थियो ।

उहाँले आफूलाई चर्चामा ल्याउने र व्यवसाय चलाउने काममा मात्र सीमित राख्नुभएन । सन् २०२२ मा ‘ निम्स दाइ फाउन्डेसन’ स्थापना गरी हिमाली समुदायमा काम गर्ने गरी शिक्षा, वातावरण, प्रेरणामूलक अभियानका साथै विपद् व्यवस्थापनका क्षेत्रमा काम सुरु गर्नुभएको थियो । सोही फाउन्डेसनमार्फत उहाँले हालै मात्र सोलुखुम्बुको लोबुचेमा भरियाका लागि ‘पोर्टर हाउस’ निर्माण गर्नुभएको थियो ।

सगरमाथा मार्गमा पर्ने समुद्र सतहदेखि पाँच हजार ३० मिटर उचाइमा अवस्थित लोबुचेमा निर्मित सो भवनका लागि उहाँले केही वर्षदेखि विभिन्न सङ्घसंस्था र स्थानीय तहसँग समन्वय तथा सहयोग सङ्कलन गर्नुभएको थियो । फाउन्डेसले गत मे २७ (जेठ १३ गते) मात्र सो भवन निर्माण सम्पन्न गरी औपचारिक उद्घाटन गरिएको थियो । नेपाली रु छ करोडभन्दा बढी खर्च गरेर बनाइएको सो पोर्टर हाउसमा १०० भन्दा बढी भरिया सुत्न मिल्ने क्षमताको छ । हिमालमा भारी बोक्ने भरियाहरूले ठूला होटलमा बास बस्न नसक्ने र साना होटलमा समेत बेलाबेलामा ठाउँ नपाउँदा समस्या हुने गरेको देखेर निर्मल पुर्जाले सो पोर्टर हाउस निर्माण गर्ने सपना निम्स दाइको थियो । हिमालले आरोहीको छविलाई बढाउँछ तर केही आरोहीले हिमाललाई नै नयाँ अर्थ दिन्छन् । निम्स दाइ त्यहीमध्येका एक दुर्लभ प्रतिनिधि हुनुहुन्छ, जसले विश्वलाई एउटा साधारण सन्देश दिएर जानुभयो, त्यो हो ‘साहस र दृढ इच्छाशक्ति भए असम्भव शब्द केवल एउटा सोच मात्र हो ।’

# सोलुखुम्बुको १०५ मिटर अग्लो जुम्लिया झरना प्राज्ञ नगेन सिंहको ‘त्रिकोण क्यानभास’मा

पोखरापत्र संवाददाता
पोखरा, १६ साउन



साउन १६, सोलुखुम्बु । नेपाललाई विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनाउने महाअभियानका साथ देशव्यापी यात्रामा रहनुभएको वरिष्ठ कलाकार तथा प्राज्ञ नगेन सिंह ठकुरीले सोलुखुम्बुको सुन्दर जुम्लिया झरना (पस्धा छाँगा) लाई आफ्नो ‘त्रिकोण क्यानभास‘मा उतार्नुभएको छ ।

‘जय कला क्रान्ति, विश्वमा छाओस् शान्ति’ अभियानका संयोजक समेत रहनुभएको प्राज्ञ ठकुरीले माप्य दुधकोशी गाउँपालिका-५, धकमलुङस्थित नाग दह मुहान रहेको प्राकृतिक सम्पदाले परिपूर्ण सो झरनाको प्रत्यक्ष (लाइभ) चित्रण गर्नुभएको हो । चित्रण कार्यक्रममा स्थानीय जसबहादुर राई, अर्जुन राई, नुरी शेर्पा, पुष्पा राई, सोनि शेर्पा तथा स्थलगत कला भ्रमण संयोजक नकुल सिंह ठकुरी लगायत स्थानीयवासीको बाक्लो उपस्थिति रहेको थियो । सो अवसरमा स्थानीयहरूले १०५ मिटर अग्लो जुम्लिया झरनाको ऐतिहासिक गरिमा, सांस्कृतिक पहिचान र प्राकृतिक संरचनाबारे प्राज्ञ ठकुरीलाई जानकारी गराएका थिए ।

प्राज्ञ ठकुरीको क्यानभासमा कोरिएको यो चित्रले सोलुखुम्बुको ओझेलमा परेको प्राकृतिक सौन्दर्यलाई विश्वमञ्चमा चिनाउन ठूलो मद्दत पुग्ने र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने भन्दै स्थानीय जसबहादुर राईले अभियानको सफलताको शुभकामना व्यक्त गर्नुभयो । पूर्व प्राज्ञ सभा सदस्य तथा राष्ट्रिय सम्मान ‘प्रबल जनसेवाश्री‘ (२०८०) बाट विभूषित प्राज्ञ नगेन सिंहले लुम्बिनी, सगरमाथा, पशुपतिनाथ, मुक्तिनाथ लगायत राष्ट्रिय निकुञ्जका डेढ सयभन्दा बढी सम्पदाहरू क्यानभासमा उतारिसक्नुभएको छ । उहाँको लक्ष्य देशका ७७ वटै जिल्लाका कम्तीमा ३-३ वटा धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूलाई त्रिकोण क्यानभासमा समेटी ‘नेपाल कला यात्रा’ पुस्तकको दोस्रो संस्करणको तयारीमा रहनुभएको छ । उक्त कृतिलाई १९७ भाषामा अनुवाद गरी विश्वभरका विश्वविद्यालय तथा पुस्तकालयहरूमा पुऱ्याउने र वि.सं २०८७ सम्ममा नेपालमा १ करोड पर्यटक भित्राउने लक्ष्य राखिएको छ । करिब ५ लाख नेपालीको सहभागितामा प्रकाशित गरिने यस ऐतिहासिक कृतिका लागि स्वतःस्फूर्त रूपमा रु. १०० योगदानको ‘प्रकाशक अभियान’ समेत सञ्चालन भइरहेको छ ।

संयोजक नकुल सिंह ठकुरीका अनुसार सिन्धुली पुग्दासम्म यस अभियानमा २ हजार ३ सय ३३ जना प्रकाशक जोडिइसकेका छन् । साथै, अभियानका क्रममा हालसम्म ७ सयभन्दा बढी प्रति पुस्तक बिक्री भइसकेको अभियन्ता नुरी शेर्पाले जानकारी दिनुभयो । कलाका माध्यमबाट देशको पहिचान विश्वभर फैलाउने उद्देश्यले सुरु भएको यो ‘७७ जिल्ला स्थलगत कला भ्रमण‘ले नेपालको सांस्कृतिक तथा प्राकृतिक पर्यटनमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ ।

# दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भण्डारी पक्राउ

रासस
काठमाडौं, १६ साउन

ठगी, आपराधिक विश्वासघात तथा सङ्गठित अपराधसम्बन्धी कसुरमा सङ्लग्न रहेको आरोपमा नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालीन कार्यकारी अध्यक्ष भुपेन्द्र भण्डारी पक्राउ परेका छन् ।

जिल्ला अदालत काठमाडौँबाट उक्त मुद्दामा पक्राउ पुर्जी लिएर केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरी टोलीले भण्डारीलाई पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । स्मार्ट टेलिकमको सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल प्राधिकरणको नाममा आएकामा नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क र एनसेल आजीयाटा लिमिटेडको मिलेमतोमा गैरकानुनी रूपमा लिलाम गराई सरकारको हक हनन गरी गैरकानुनी रूपमा लिलामी गरेको आरोपमा उनी पक्राउ परेका हुन् । ठगी, आपराधिक विश्वासधात तथा सङ्गठित अपराध मुद्दामा भण्डारीको संलग्नता रहेको प्रारम्भिक अनुसन्धानका क्रममा खुल्न आएको छ ।

प्राधिकरणबाट २०७० वैशाख २ गते स्मार्ट टेलिकम प्रालिको नाममा प्रदान गरिएको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र नियमानुसार नवीकरण नगरेको कारणबाट २०८० वैशाख २ गते देखि स्वतः रद्द भएको थियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १० निवासी भारतीय भू.पू. सैनिक नं. ५७५५८०७ K MACP NB/SUB श्याम काजी श्रेष्ठको श्रीमती मिना श्रेष्ठको नेपाली नागरिकताको प्रमाणपत्र नं. ३५२५-९२८ जारी मिति २०५५/१०/०३ मा जन्म मिति वि.सं. २०३६/०८/१९(ई.सं. १९७९/१२/०५) भएको र श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको जन्म मिति ई.सं. १९८०/१२/०४ भई फरक परेता पनि उल्लेखित दुई जन्म मिति वि.सं. २०३६/०८/१९(ई.सं. १९७९/१२/०५) र ई.सं. १९८०/१२/०४ भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, १० नं. वडा कार्यालय, भकुण्डे, बागलुङको च.नं. ४९, मिति २०८३/०४/०७ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

HIMALAYANLIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं ५९७००५७, पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 0610012835 | रोजिता गुरुङ | पोखरा-१३, कास्की |
| २ | Gli 0002615 | सर्मिला अधिकारी | फेदीखोला-३, स्याङ्जा |

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



स्व. सिन्धु विजुक्छे

यस भैरब सांस्कृतिक संरक्षण समितिका कार्यसमिति सदस्य श्री गौतम विजुक्छेज्यूकी धर्मपत्नी श्रीमती **सिन्धु विजुक्छे**को मिति २०८३ श्रावण ३ गतेका दिनमा स्वास्थ्योपचारको क्रममा असामयिक निधन भएकोमा यस समिति परिवार स्तब्ध एवम् मर्माहत भएको छ । आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै देहमुक्त आत्माको चीरशान्ति एवम् उहाँको बैकुण्ठवासको कामना गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**तीर्थमान प्रधानाङ्ग**
**अध्यक्ष एवम्**
**भैरब सांस्कृतिक संरक्षण समिति परिवार**